*Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP 28- 50*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# बौद्धिक निराशाबोधभित्र गाउँको माया कथामा विद्रोह

गेहेन्द्र खनाल

*उपप्राध्यापक, नेपाली विभाग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।*

gehendra.k@gmail.com

## लेखसार

समाज व्यवस्था द्वन्द्व, सङ्घर्ष र समायोजनबाट सभ्य समुन्नत र विकसित हुँदै आएको हो। समाजको परिवर्तन क्रान्ति, विद्रोह र सङ्घर्षको उपज हो। शोषित तथा उत्पीडितहरूको विद्रोह सामाजिक न्याय स्थापना गर्ने लक्ष्यमा केन्द्रित हुनुपर्छ। प्रस्तुत लेख यिनै मुद्दाका सेरोफेरोमा केन्द्रित छ। यस लेखको मूल उद्देश्य प्रगतिवादी दृष्टिले कथाकार इस्मालीद्वारा लिखित *गाउँको माया* कथाको विद्रोहको अनुशीलन रहेको छ। यसमा आलोचनात्मक यथार्थवादी र प्रगतिवादी सैद्धान्तिक आधारमा कथाको विश्लेषण गरिएको छ। यसको पुस्ट्याइँका लागि कथाभित्रका तथ्यपरक उदाहरणहरू समावेश गरिएका छन्। समाजमा शोषक र शोषित वर्गको द्वन्द्वको कारक तत्त्व आर्थिक पक्ष रहेको छ। यसबाट सङ्क्रमित वर्गीय समाजमा सामूहिक विद्रोही चेतनाको निर्माण हुनु जरुरी देखिन्छ। गुणात्मक ढाँचामा निर्माण गरिएको यस लेखको उद्देश्य सामाजिक समस्यालाई उजागर गरी सर्वहारा वर्गको आवाजलाई प्रस्तुत गर्नु रहेको छ। अवसरवादीहरूको षड्यन्त्र पहिचान गरी तिनीहरूलाई न्यायपूर्ण मार्गमा ल्याएर सामाजिक जागरणद्वारा समाज रूपान्तरण गर्ने दिशा निर्माण गर्नु लेखको उपलब्धि रहेको छ । त्यसैले त्यसतर्फ शोषितहरू बढी संवेदशील हुन जरुरी देखिन्छ। सामाजिक न्याय स्थापना गर्न विद्रोह गर्नुपर्ने हिम्मत सबैले राख्नुपर्ने आजको समाजको आवश्यकता हो। यद्यपि चेतनशील र प्रबुद्ध व्यक्तिको निराशाबोधले समाजमा अपेक्षित परिवर्तन हुन सकेको छैन यद्यपि तिनको अग्रगामी र नेतृत्वदायी भूमिका समाजमा अपेक्षित छ। कथाकार इस्मालीको *गाउँको माया* कथा शोषितहरूको पक्षपोषण गर्दै समता, समानता एवम् समान अधिकार र सामाजिक न्याय एवम् रूपान्तरणका मुद्दामा जागरणको उत्प्रेरणा ल्याउने दृष्टिले उपलब्धिमूलक रहेको छ।

*शब्दकुञ्जी :* विज्ञ शिक्षक, विद्रोही चेतना, समता, सर्वहारा, सामाजिक न्याय

## विषयपरिचय

कथा समाजको प्रतिबिम्ब हो । समाजको यथार्थका झल्काउनु यसको मूल पहिचान हो । कथा समाजसुधारक र मनुष्यउपर प्रभावकारी विधा हो (देवकोटा, १९९९) । कथाको विकास सामाजिक विधाका रूपमा भएकाले सामाजिक विषयलाई यथार्थसँग जोडेर मान्छेलाई चिन्तनशील बनाउन आधुनिक कथाको भूमिका रहन्छ (श्रेष्ठ, २०५७) । मान्छेले आफ्नो अस्तित्वका लागि सभ्यताको सुरुवातदेखि सङ्घर्ष गर्दै आएको हो । यस सन्दर्भमा उसले द्वन्द्वात्मक चरित्रका माध्यमबाट सङ्घर्ष र विद्रोह गर्न सिकेको हो । वस्तुशक्तिमा विश्वास राख्दै र वस्तुजगत्को अस्तित्वलाई नै सर्वेसर्वा स्वीकार गर्दै जीवन र जगत्को वस्तुपक्ष जस्तो छ, त्यस्तै रूपमा त्यसलाई प्रस्तुत गर्ने तथा जीवन र जगत्का बिचका सम्बन्धले मान्छेका जीवनमा पार्ने प्रभावलाई जस्ताको त्यस्तै अङ्कित गर्ने साहित्यिक मान्यताविशेष नै यथार्थवाद हो (जोशी, २०५४) । समाजका नीतिनियम र व्यवस्थाका आधारमा सीमित वर्गले भोग्नुपर्ने पीडाका सवाललाई यथार्थवादभित्रका आलोचनात्मक यथार्थवादी, समाजवादी यथार्थवादी वा प्रगतिवादी कथाहरूले प्रतिबिम्बित गरेका हुन्छन् । आलोचनात्मक यथार्थवादले पुँजीवादी शोषण, दमन, उत्पीडनको आलोचना गर्दछ । यस चिन्तनले यथास्थितिको आलोचना र विरोध तीव्र रूपमा गर्दछ । समाजवादी यथार्थवादी वा सामाजिक प्रगतिवादी कथाले सामाजिक उन्मुक्तिको उचित दिशानिर्देश तथा सुधारका उपायहरू प्रस्तुत गर्दछ । यसै सन्दर्भमा आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी साहित्यिक सिद्धान्तका दृष्टिले समस्याका रूपमा *गाउँको माया*भित्रको विद्रोहकथा कस्तो छ भन्ने जिज्ञासालाई समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ ।

कथाकार इस्माली (२०७७) द्वारा रचना गरिएको *गाउँको माया* सामाजिक कथा हो । यो कथा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा ११ को पाठ्यपुस्तकमा समावेश गरिएको छ । सामाजिक विषयवस्तुलाई समाजपरक र प्रगतिशील दृष्टिकोणबाट हेर्ने उद्देश्यबाट यस कथालाई छनोट गरिएको छ । नेपाली समालोचनामा प्रगतिवादी विचारधाराबाट प्रस्तुत कथाको विश्लेषण भएको पाइँदैन । यसै सन्दर्भमा कथाभित्रका सामाजिक ढाँचालाई मार्क्सवादी चिन्तनले हेर्दा कस्ता सारभूत सत्य भेटिन्छन्, त्यसको खोजी यस अध्ययनमा गरिएको छ । यस कथाभित्र सामाजिक समस्याका रूपमा आर्थिक दुरवस्थालाई मुख्य समस्या बनाइएको छ । समाजको मेरुदण्ड मानिने आर्थिक पक्षले सामाजिक जीवनका सम्पूर्ण आयाम नकारात्मक हुन सक्ने सन्दर्भको खोजी आवश्यक देखिन्छ । समाजमा किन सामन्तको उदय भयो र श्रमजीवीको श्रमको मूल्य भएन, समाजमा श्रमिक अधिकारबाट किन वञ्चित हुनुपर्ने भयो, सर्वहारा वर्गलाई नेतृत्व गर्ने आशलाग्दो व्यक्ति गाउँबाट पलायनमा किन पर्छ भन्ने यस अध्ययनको खोजीको विषय बनेको छ । धनीले मात्र अवसर भेटाउन र

गरिबवर्ग त्यसको पहुँचमा पुग्न नसक्नुको कारण के हो ? राज्यको अवधारणा समान अधिकार र अवसरको मुद्दा रहेको छ तर यथार्थ धरातलमा त्यस किसिमको अवस्था किन हुन सकेन ? यसका जबाफको खोजी आवश्यक देखिन्छ । प्रगतिवादी विद्रोही दृष्टिकोणले हेर्दा कथाभित्र कैयौँ यस किसिमका भाष्यहरू लुकेका छन् । आलोचनात्मक तथा समाजपरक विद्रोही चेतना, सांस्कृतिक रूपान्तरण, अस्तित्वरक्षा, वर्गसङ्घर्ष, सामाजिक विद्रोह, समानतावादी र समतावादी अग्रगमन आदि आधारमा यस कथाका विद्रोही पक्षको अध्ययन रिक्तताको महसुस गरिएको छ । यिनै जिज्ञासाको समाधान गर्ने उद्देश्य राखेर यो लेख निर्माणको गरिएको छ । यस लेखका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) वर्गसङ्घर्ष र द्वन्द्वात्मक भौतिकवादी चिन्तनका दृष्टिले *गाउँको माया कथा*का आयामहरू केलाउनु,


ख) सामूहिक जागरण तथा न्यायमूलक रूपान्तरणमा कथाले दिने योगदानहरूको खोजी गर्नु ।

**अध्ययन विधि र सामग्री**

प्रस्तुत अध्ययनमा गुणात्मक विधिको प्रयोग गरिएको छ । साहित्यिक रचनाभित्र सामाजिक चिन्तन र दर्शनका प्रगतिशील पाटाको अध्ययनका लागि वर्णनात्मक विधिको उपयोग गरिएको छ । समस्याको समाधानका लागि पुस्तकालयीय कार्यको उपयोग गरी आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समावेश गरिएको कथाकार इस्मालीद्वारा रचित *गाउँको माया* कथा प्राथमिक सामग्री रहेको छ । सन्दर्भ सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । यस अध्ययनमा आलोचनात्मक यथार्थवादी, समाजवादी यथार्थवादी एवम् प्रगतिशील र प्रगतिवादी विषयसँग सम्बन्धित अनुसन्धानात्मक लेख, समीक्षा, समालोचनात्मक पत्रपत्रिका, विश्लेषण, टीकाटिप्पणी, पुस्तक, साहित्य सिर्जना, शोधपत्र, शोधप्रबन्धहरूलाई अध्ययनका लागि सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

यस अध्यनमा कक्षा ११ मा अध्यापन गर्ने पाँच जना नेपाली विषयका विज्ञ शिक्षकहरूको *गाउँको माया* कथाप्रतिको मत एवम् रायलाई तथ्याङ्कका रूपमा सङ्कलन गरिएको छ । उद्देश्यपूर्ण नमुना छनोटका आधारमा विज्ञ शिक्षकहरूको छनोट गरिएको छ । विज्ञ शिक्षक स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि उपाधि प्राप्त गरी विगत १५ वर्षदेखि निरन्तर नेपाली विषय शिक्षण गरिरहनुभएका व्यक्तित्वहरू हुनुहुन्छ । सुकुना बहुमुखी क्याम्पस, सुकुना माध्यमिक विद्यालय, सुविजीमुर मेमोरियल माध्यमिक विद्यालय सुन्दरहरैँचा र जनता माध्यमिक विद्यालय मधुमल्लाका शैक्षिक संस्थामा अध्यापनरत शिक्षक एवम् प्राध्यापकहरूको कक्षा ११ मा समाविष्ट *गाउँको माया* कथाप्रति आफ्ना धारणा, विचार एवम् प्रतिक्रियालाई मतका रूपमा सङ्कलन गरिएको छ । यस पाठको विश्लेषण (content analysis) नितान्त मौलिक एवम् व्यक्तिगत अवधारणाका आधारमा गरिएको छ । यस अध्ययनमा

विज्ञ शिक्षकहरूका धारणाको विशेष उपयोग आफ्ना धारणालाई जाँच्न एवम् पुष्टि गर्नका लागि गरिएको छ। विज्ञ शिक्षकहरूलाई यस अध्ययनमा विज्ञ शिक्षक-१, विज्ञ शिक्षक-२, विज्ञ शिक्षक-३, विज्ञ शिक्षक-४,विज्ञ शिक्षक-५ भनेर वर्गीकरण गरी चिनाइएको छ। यसलाई आरेखबाट निम्नानुसार देखाइएको छ :




उक्त आरेखद्वारा प्रगतिवादी दृष्टिकोणबाट *गाउँको माया* कथाको विश्लेषण गरिएको सङ्केत गरिएको छ। आफ्ना अध्ययन र विश्लेषणको पुष्टि एवम् सत्यापन विज्ञ शिक्षकका अभिमतद्वारा गरिएको छ र दुवै पक्षको समन्वित संश्लेषणबाट निष्कर्ष निकालिएको छ।

## नतिजा र छलफल

### आलोचनात्मक यथार्थवादी सन्दर्भ र साहित्य

सामाजिक विसङ्गतिलाई चिरफार गरेर विकृति र विसङ्गतिको निन्दा र विरोध गर्दै तिनीसँग जुध्नका लागि प्रेरणा प्रदान गर्नु आलोचनात्मक यथार्थवादको मान्यता हो। समाजमा देखिएका कुरीति, शोषण र अन्य विषय तत्त्वहरूलाई औँल्याएर तिनको विरोध गर्ने तथा सुधार्नुपर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ (बराल र एटम,२०५६)। उन्नाइसौँ शताब्दीमा यस्तो लेखनका माध्यमले पुँजीवादी सभ्यताबाट उत्पन्न विकृति र विसङ्गतिको यथार्थ चित्रण र तिनको आलोचनात्मक विरोध गर्ने प्रवृत्तिको विकास भएको हो। यस कथाभित्र रहेका द्वन्द्व र कार्यव्यापारले सामाजिक समस्याको समाधानार्थ कुनै स्पष्ट कार्यनिर्देश नगरेको सन्दर्भ विश्लेषणीय छ। जर्ज लुकासले द *मिनिङ अफ कन्टेम्पोररी रियालिज्म* भन्ने पुस्तकमा आलोचनात्मक यथार्थवादलाई सामाजिक उच्चतामा पुग्न नसकेर भएको पलायन ठानेका छन् (बराल र एटम,२०५६)। प्रस्तुत कथामा नवीन जीवनदृष्टितर्फको सङ्क्रमणलाई सङ्केत गरिएको छ भने समाजमा रूढ बनेका अन्धविश्वास र मान्यतालाई उखेलेर नयाँ मान्यता स्थापित गर्ने विद्रोही लक्ष्यसमेत राखिएको सन्दर्भलाई आलोचनात्मक दृष्टिले हेर्नुपर्ने देखिन्छ।

साहित्यिक कृतिमा प्रतिबिम्बित सामाजिक संस्कृतिको अध्ययनलाई मूलतः संस्कृति र सभ्यता, रूढिगत मान्यता, शिक्षा र मनोरञ्जन, नैतिक आदर्श र मूल्यका कोणबाट उपयुक्त अध्ययन हुन सक्ने देखिन्छ। यसरी नै सामाजिक समस्याका अनेकौँ आयाम हुन सक्छन् तापनि साहित्यिक कृतिमा प्रतिबिम्बित सामाजिक समस्यालाई गरिबी, बेरोजगारी, अपराधवृत्ति तथा युद्ध र झगडाका कोणबाट अध्ययन गर्दा प्रमुख समस्याहरू समेटिने देखिन्छ (लम्साल, सन् २०२२, पृ. २५८)।

विवेच्य कथामा सामाजिक समस्यालाई आर्थिक दृष्टि र त्यसका असरहरूको आलोचनात्मक आँखाले अनुशीलन गरिएको छ साथै सामन्तीहरूको चरम दमनका विरुद्ध विद्रोहको सङ्केत परिलक्षित छ, जसको आधार आलोचनात्मक यथार्थवाद रहेको छ।

आलोचनात्मक यथार्थवादको धर्म विकृति र विसङ्गति उद्घाटन गर्नु हो। समाजमा शोषण, दमन र भेदभावयुक्त प्रवृत्तिको विरोध गरी गरिब र असहायप्रति सहानुभूति व्यक्त गर्दै मानवतावादी समाजको स्थापना र समतामूलक न्याय स्थापनामा यस सिद्धान्तले जोड दिन्छ (सुवेदी,२०५७)। यसै चिन्तनअनुसार कथाका चरित्र, घटना र परिवेशलाई विश्लेषण गरिएको छ। यसमा कथालाई आलोचनात्मक यथार्थवादका मूल स्वरहरूसँग जोडेर सान्दर्भिक गरिएको छ। पात्रको जीवनशैली, भाषा, संस्कृति, आस्था, विश्वास, सहयोगात्मक सम्बन्ध तथा ग्रामीण परम्परालाईसमेत आलोचनात्मक दृष्टिले विवेचना गरिएको छ।

**प्रगतिवादी सन्दर्भ र साहित्य**

समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण स्रोतसाधन र सम्पत्तिमा कसैको एकलौटी अधिकार हुन नदिई सबैले मिलेर परिश्रम गर्दै उत्पादन र उत्पादित उपभोग्य सामग्रीमा समाजको साझा अधिकार हुनुपर्छ भन्ने राजनीतिक सिद्धान्त वा समाजवादलाई आत्मसात् गर्ने यथार्थवाद समाजवादी यथार्थवाद वा प्रगतिवाद हो (जोशी, २०५४ पृ. ५६)।

सामाजिक आर्थिक समस्या रहेको *गाउँको माया* कथामा श्रमशोषण र विभेदयुक्त सामाजिक अवस्थाको विश्लेषण रहेको छ। प्रगतिवादी दृष्टिकोणअनुसार यसमा किसान, मजदुर र सर्वहाराजस्ता समाजका तल्लो वर्गप्रति विशेष ध्यान दिँदै उनीहरूको दुःखमोचनको प्रयास गरिएको छ। यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु प्रगतिवाद हो। यस कथाको विश्लेषण यही चिन्तनसँग सापेक्षित गरी समाजमा उपेक्षित वर्गको सूक्ष्म अवलोकन गरिएको छ। चरित्रको दुःख, पीडा र अभावलाई केन्द्रबिन्दुमा राखी द्वन्द्वात्मक भौतिकवादका चिन्तनले कथाका विविध सूत्रहरूलाई केलाइएको छ।

समाजवादी यथार्थवाद भनेको समाजवादी आदर्श (साम्यवाद) लाई आत्मसात् गर्दै यथार्थलाई क्रान्तिकारी विकासका क्रममा सही तरिकाले प्रतिबिम्बित गर्ने पद्धति र दृष्टि पनि हो । जीवनसत्यको निरन्तर अनुसरण, क्रान्तिकारी विकासका क्रममा यथार्थको प्रतिबिम्बन, समाजवाद एवम् वादको भावनाअनुरूप जनतालाई वैचारिक एवम् सौन्दर्यात्मक शिक्षा दिने कार्यभार, जनप्रतिबद्धता, पार्टीप्रतिबद्धता र विचारधारात्मक प्रतिबद्धता समाजवादी यथार्थवादका आधारभूत विषयहरू हुन् (चापागाईं, २०६९) ।

विवेच्य कथालाई यही समाजवादी परखमा राखेर पर्गेल्ने काम भएको छ, जहाँ साम्यवादी भावनाको सोच रहेको छ । द्वन्द्वात्मक भौतिकवादका चिन्तनले विश्वदृष्टिकोणबाट जीवनजगत् र साहित्यको पारस्परिक सम्बन्धलाई उद्घाटन गर्दै तथा कलात्मक उपलब्धिलाई भन्दा वर्गसङ्घर्षलाई ज्यादा महत्त्व दिँदै साहित्यको मूल्याङ्कन गर्दछ (जोशी, २०५४) । यस सन्दर्भमा प्रस्तुत अध्ययन र विश्लेषणको आधार मार्क्सवादी चिन्तनभित्रको वर्गसङ्घर्ष रहेको छ । खास गरी समाजमा शोषक र शोषित वर्गको द्वन्द्वबाट उत्पन्न परिस्थितिको अध्ययन यस कथाभित्र गरिएको छ ।

जर्मन दार्शनिक हेनरी कार्ल मार्क्स (सन् १८१८-१८८३) को सैद्धान्तिक प्रक्रियागत मुक्त दर्शनले समाजको विश्लेषण अध्ययन गर्नाका साथै त्यस अध्ययनका आधारमा सामाजिक परिवर्तन ल्याउने गर्दछ (जोशी,२०५४) । यसै मान्यताका आधारमा प्रस्तुत कथाभित्रका समाजका परम्परित मान्यता र विकृति एवम् सामाजिक प्रणालीको खोजी गरिएको छ ।

मार्क्सवादको अर्को दार्शनिक दृष्टिकोण द्वन्द्वात्मक भौतिकवाद हो । द्वन्द्वात्मक भौतिकवाद हाम्रा दैनिक अनुभव कथा निरीक्षणमा आधारित छ । संसारको प्रत्येक वस्तु अन्तमा परिवर्तित र नष्ट हुन्छ । जो जन्मन्छ, उसको मृत्यु वा परिवर्तन अवश्यम्भावी छ । परिवर्तन नै यथार्थमा सृष्टिको मूल सत्य हो, यहाँ स्थायित्व छैन, स्थायित्व कहीँ छ भने सृष्टिको गतिशीलता वा दीर्घकालीन यात्रामा मात्रै छ । सृष्टिको यही सत्य वा परिवर्तनलाई द्वन्द्वात्मक भौतिकवाद वा मार्क्सवाद वा मार्क्सवादी दृष्टिकोणले कुनै निश्चित र सार्वभौम नियमद्वारा नियन्त्रित सञ्चालित मान्दछ । (जोशी, २०५४, पृ. ५८)

यस कथाभित्रका घटनाहरू परिवर्तनशील छन् । विचारहरू परिवर्तनशील छन् । मूल्यमान्यताहरूमा देखा परेका परिवर्तनलाई मार्क्सवादी विचार सिद्धान्तका आधारबाट विश्लेषण गरिएको छ । परिवर्तनका सत्यतालाई आत्मसात् गर्दै कथाभित्रका अन्तर्वस्तुलाई यसै चिन्तनका आधारबाट हेरिएको छ ।

द्वन्द्वात्मक भौतिकवादको मूल तत्त्व पदार्थ हो । यो सम्पूर्ण जगत् यही पदार्थबाट बनेको हो । प्रत्येक पदार्थमा अन्तर्विरोध विद्यमान रही तिनका सकारात्मक - नकारात्मक पक्षबिच सङ्घर्ष चलिरहने क्रममा क्रिया, प्रतिक्रिया र संश्लेषण प्रक्रियामा विकासशील भएझैँ मानवसमाज पनि विकसित हुन्छ भनी मार्क्सवादले ठान्दछ । (त्रिपाठी, २०५८ पृ. १५६)

समाज परिवर्तनका दिशामा देखिएका नयाँ आयामहरूको खोजीमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादलाई आधार मानिएको छ । यसै सिद्धान्तका आधारमा प्रस्तुत कथाका सङ्घर्षशील पक्षहरूलाई अनुशीलन गरिएको छ ।

विवेच्य कथाभित्र उल्लिखित सैद्धान्तिक मान्यताअनुरूप पदार्थको स्वरूप, उत्पादन र त्यसको समान वितरणलाई विश्लेषणको आधार बनाइएको छ । यस चिन्तनबाट प्रभावित स्रष्टाहरूले शोषित अवस्थामा रहन विवश गरिबहरूको चित्रणद्वारा तिनीहरूप्रति हार्दिक सहानुभूति राख्तै तिनीहरूको दयनीय अवस्थालाई भौतिकवादी दर्शनबाट हेरेको पाइन्छ । यी स्रष्टाका अनुसार गरिब वर्गको घोर शोषणको कारक र आर्थिक विषमता ल्याउने तत्त्व पुँजीवादी समाजव्यवस्था हो भन्दै त्यसको व्यापक विरोध गरिएको पाइन्छ । सामन्ती मनोवृत्ति भन्डाफोर गर्दै तथा धनी वर्गको राक्षसी प्रवृत्तिप्रति तीव्र घृणा व्यक्त गर्दै गरिब वर्गमाथि भएको अन्याय, अत्याचार र दुराचारको यथार्थ चित्रण गरेर क्रान्तिकारी विचारको अभिव्यक्तिका साथै आर्थिक क्रान्तिको आवश्यकता यस चिन्तनका कथालेखनमा पाइन्छ ।

समाजको बाधक तत्त्व वर्गीय समाज र शोषक वर्गको शासन रहेको छ । कथाभित्रका श्रमजीवीहरूको अधिकारका लागि भएका क्रान्तिहरू यसै सिद्धान्तका आधारमा गरिएका छन् । विकास एक किसिमको परिवर्तन हो र परिवर्तन एक किसिमको क्रान्ति हो (जोशी, २०५४) भन्ने प्रगतिवादी चिन्तनभित्रका वादप्रतिवाद र संवादको क्रमिक परिवर्तनद्वारा कथाका वस्तुलाई विश्लेषण गरिएको छ ।

प्रगतिवादी स्रष्टाहरूले वर्गीय पक्षधरता र सीमान्तीकृत वर्गका मानिसहरूको मुक्ति चेतनालाई मुख्य स्वर बनाएर साहित्य रचनाहरू रचिरहेको देखिन्छ । यस अवधिका प्रगतिवादी रचनाकारहरूमध्ये जनजाति, मधेसी, दलित र महिला पक्षधर रचनाकारहरूले वर्गीय मुद्दालाई भन्दा जातीय मुद्दा, सांस्कृतिक पहिचान, लैङ्गिक हक, दलितमुक्ति र क्षेत्रीय पहिचानलाई बढी महत्त्व दिएर रचनाहरू गरेको पाइन्छ । (ज्ञवाली, २०७२)

प्रगतिवाद सामाजिक यथार्थको चित्रण गर्नेमात्र नभई समाजलाई बदल्ने विचार बोकेको साहित्य सिद्धान्त पनि हो । यस्तो समाजको चित्रण गर्ने र समाजलाई बदल्ने विचारलाई मानवीय जीवनपद्धतिका मार्मिक, हार्दिक

एवम् संवेदनशील प्रसङ्गमा घुलमिल बनाएर प्रस्तुत गर्नुपर्ने हुन्छ (उपाध्याय, सन् २०१५)। यस कथाको मूलभूत सैद्धान्तिक आधार द्वन्द्वात्मक भौतिकवाद रहेको छ। वर्गद्वन्द्व तथा सामाजिक शोषणको चित्रण र सर्वहारावर्गको पृष्ठपोषण यस कथामा गरिएको छ। समतामूलक समाजको स्थापना र आर्थिक विषमताका कारण जन्मने विसङ्गतिहरूको चित्रण र सङ्घर्षहरूलाई पनि प्रगतिवादी दृष्टिबाट प्रस्तुत कथामा हेरिएको छ। जाति, लिङ्ग, वर्ण, धर्मका विभेदका विरुद्ध पात्रहरूका सङ्घर्षपूर्ण क्रान्तिलाई पनि यसै सिद्धान्तद्वारा हेर्ने प्रयास गरिएको छ साथै जनतालाई सङ्गठित गरी उद्देश्यपूर्ण ढङ्गले क्रान्तिका माध्यमबाट समाजवादसम्म पुग्ने मान्यतालाई पृष्ठभूमिमा राखेर यस कथाको विश्लेषण गरिएको छ।

**द्वन्द्वात्मक भौतिकवादी आयामभित्र गाउँको माया कथा**

मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी चिन्तनदृष्टिबाट प्रभावित भई कथाकार इस्मालीद्वारा रचित *गाउँको माया* शीर्षक यस कथालाई  निम्न उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ :

***वर्गसङ्घर्ष***

*गाउँको माया* कथाको मूल समस्या वर्गीय विषमताभित्रको द्वन्द्व हो। सामन्त र सर्वहारावर्गबिचका द्वन्द्वलाई वर्गीय सङ्घर्षको आधार मानिएको छ। सामन्तको प्रतिनिधि गाउँका साहुमहाजनले गरेका छन् भने सर्वहाराको प्रतिनिधित्व परिछन र गाउँलेहरूले गरेका छन्। गाउँलेहरू श्रमको सामयिक मूल्यको विषयमा हडताल गर्छन् भने साहुहरू हडताल तोडाउन श्रमिकका नेतालाई खरिद गर्छन्। साहु परम्परादेखि स्थापित हैकम र हुकुमी शासनव्यवस्थालाई निरन्तरता दिने पक्षमा छन् भने गाउँलेहरू श्रमको यथोचित मूल्य समायोजन गर्ने पक्षमा रहेका छन्। गाउँ सिङ्गै दुई वर्गमा विभाजित देखिन्छ - सामन्ती र सर्वहारा। यी दुई वर्गका द्वन्द्वले कथाको समाजव्यवस्थालाई प्रकट गरेको छ। सामन्ती संस्कार बोकेका साहुहरू सर्वहारावर्गको श्रम शोषण गरेर नाजायज फाइदा उठाउने दाउमा छन् भने सर्वहारावर्ग त्यसलाई तोडेर श्रमको मूल्य लिएरै छाड्ने पक्षमा छन् । गाउँलेहरूमध्ये परिछन सर्वहारावर्गको नेतृत्व गर्ने नेताका रूपमा देखिन्छ। उसका अभिव्यक्तिभित्र वर्गद्वन्द्वको विद्रोह स्पष्ट देख्न सकिन्छ : "किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो। गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरा लिएर हडताल गर्‍यौँ। सुरुमा त सब राम्रै थियो तीन दिनसम्म काम ठप्प भयो" (इस्माली,२०७७ पृ. १४)।

सामन्तवर्गद्वारा सर्वहारावर्गलाई थिचोमिचो गर्दै श्रमशोषण गर्ने काम भएको छ। कथामा सर्वहारावर्ग कमजोर बनेर सामन्तको इसारामा बाँच्न विवश छन्। गाउँका सामन्तवर्गको घरायसी काम, बालीनाली, पशुपालन आदिमा गरिबको प्रत्यक्ष श्रम रहेको देखिन्छ। गरिब श्रम त गर्छ तर सामन्त उसको श्रमको उचित मूल्य दिँदैन।

परिणामस्वरूप सर्वहारावर्गमा विद्रोही भाव उत्पन्न हुन्छ । यस कथामा सर्वहारावर्गको प्रमुख प्रतिनिधि पात्रका रूपमा परिछनको भूमिका रहेको छ । उसमा वर्गीय चेतना जागेको छ । परिछनका साथै अन्य गरिब गाउँलेहरूमा वर्गीय चेतना जागृत भएको छ । यसैले सङ्घर्षका ढोकाहरू खुल्ने सम्भावना रहेको छ । यस सन्दर्भलाई पुष्टि गर्ने किसन भाइको भनाइ यस्तो छ : "हाम्रो गाउँमा पनि साँच्चैका मान्छे रहेछन्, जो जीवनलाई बुझ्दै छन् । हाम्रो गाउँ पनि केही हो र केही हुन सक्छ र 'केही हुनु' नै मेरा लागि अथवा हाम्रा लागि माने, म, बुधना, परिछन र बखतबहादुरका हकमा जीवन खुल्दथ्यो अर्थात् जीवनको, बाँच्नुको माने लाग्दथ्यो" (पृ. १२) ।

सदियौँदेखि थिचोमिचो सहेर बसेका गाउँलेमा आफू गरिब हुनुको कारणको बोध गर्ने अर्थात् जीवनलाई बुझ्ने चेतना आएको कुरा देखिन्छ । गाउँमा वर्गीय सङ्घर्ष भएमा अधिकार पाउन सकिन्छ । केही हुन्छ भन्नुको तात्पर्य अधिकारसहितको समानताका आशाको सङ्केत हो । सैद्धान्तिक अवधारणाअनुरूप वर्गचेतनाका कारणले नै सामाजिक विकृतिको आलोचना गरिन्छ । गाउँलेमा वर्गीय सचेतता बढेकाले नै शोषणविरुद्धको आवाज मुखरित भएको हो । वर्गसङ्घर्ष शोषक वर्गको अन्याय, अत्याचार एवम् दमनको अन्त्य गरी शोषित एवम् श्रमजीवीहरूको हक, अधिकार र न्यायका लागि हुनुपर्दछ साथै समतामूलक समाजको निर्माणका लागि पनि वर्गसङ्घर्षको अपरिहार्यता विज्ञ शिक्षकले स्वीकार गरेका छन् । सामन्तीहरूको शोषण, दमन, अन्याय, अत्याचारलाई हटाएर समतामूलक समाजनिर्माणको चाहना राख्न वर्गसङ्घर्षको अपरिहार्यता रहेको विज्ञ शिक्षकको अभिमत रहेको छ । यस सन्दर्भमा विज्ञ शिक्षक-३ को धारणा यस्तो रहेको छ –

> *गाउँको माया* कथा गाउँसमाजका गरिबवर्गको उत्थानका निम्ति सङ्घर्ष गर्नुपर्छ, गरिबहरूका आवाजलाई बुलन्द गर्नुपर्छ भन्ने मान्यता राख्दै गाउँलाई साहुमहाजन, मालिक वा कुलीनहरूको एकलौटी रजाइँबाट मुक्त पार्नुपर्छ भन्ने प्रगतिवादी सोचबाट अगाडि बढेको पाइन्छ । यस कथामा सामन्तीहरूको शोषण, दमन, अन्याय, अत्याचार हटाएर समतामूलक समाजनिर्माणको चाहना राख्न वर्गसङ्घर्ष भएको छ । यसबाट समाजमा समानता, दया, माया, सेवा र सहयोगको भाव सिर्जना गरी समाजमा सामन्त वर्गका व्यभिचार, पाप एवम् सामाजिक कुकृत्यहरूलाई हटाउन वर्गसङ्घर्षको सिर्जना गरिएको सन्दर्भ समुचित बन्न गएको छ । (विज्ञ शिक्षक-३)

माथिको विश्लेषणका आधारमा यो निष्कर्षमा पुगिन्छ कि समाजमा आर्थिक वितरणका असमानताको मुख्य कारणले नै वर्गीय सोचको विकास भएको छ । वर्गीय सङ्घर्षका सन्दर्भमा विज्ञ शिक्षकहरूका अवधारणासँग यस अध्ययनको समानता रहेको छ । सीमित वर्गका हातमा आर्थिक नियन्त्रण हुनु तथा उत्पादन र वितरणमा समानता नहुनुमा निम्नवर्गमाथिको शोषण नै मुख्य कारण बन्न पुगेको छ । प्रगतिवादी सिद्धान्तले

सर्वहारावर्गलाई अधिकारका लागि लड्नुपर्ने, विद्रोह गर्नुपर्ने अनि मात्र अधिकार प्राप्त हुने कुरालाई निर्देश गरेअनुरूप प्रस्तुत कथामा पनि वर्गसङ्घर्षबाट अधिकार प्राप्त हुन्छ भन्ने विश्वास गाउँलेमा पाइन्छ भन्ने विज्ञ शिक्षकहरूको अभिमतको निचोड रहेको छ, जुन कुरा यस अध्ययन र विश्लेषणलाई पुष्टि गर्ने पक्ष हो ।

***सामूहिक विद्रोही चेत***

आलोचनात्मक यथार्थवादले समाजका बेथितिको विरोध गर्दछ । खास गरी आर्थिक विषमता, जातीय विभेद, परम्परागत रूढिवादी प्रवृत्ति, मानवताहीन संस्कार, श्रमजीवीप्रतिको नकारात्मक सोचजस्ता कुराले जब आम सामाजिक प्राणीमा विद्वेष भर्दछ, तब जन्मिन्छ सामूहिक विद्रोह । मुट्ठीभरका शोषकले आम शोषितलाई चरम दमनका साथ जब निर्मम शासन गर्छ, तब सामूहिक विद्रोहको भावना सल्बलाउँछ । विवेच्य कथाभित्र सामन्तले आफूअनुकूल बनाएको ज्याला वा बनीसम्बन्धी नीति वा व्यवस्थालाई गाउँका श्रमिकले स्वीकार गरेका छैनन् साथै उनीहरू त्यसमा संशोधन गर्नुपर्ने मनसाय राख्दछन् तर त्यस विषयको कुनै सुनवाइ हुँदैन, बरु षड्यन्त्रको सूत्रपात हुन्छ । गाउँलेहरू सामन्तको चर्को विरोधस्वरूप विद्रोहमा नै उत्रन्छन् । विद्रोहको ज्वाला यति रापिलो हुन्छ, त्यसको असर गरिबको चुलोचौकासम्म आइपुग्छ । उनीहरू काममा हडताल गर्छन् । हडताल सामूहिक विद्रोहको राँको हो । प्रगतिवादी चिन्तनले परिवर्तन क्रान्तिद्वारा मात्र सम्भव हुन्छ भन्ने मान्यतालाई कथामा प्रस्तुत घटनाले पुष्टि गरेको देखिन्छ । सामूहिक विद्रोह प्रस्तुत गर्ने उदाहरण यस प्रकार रहेको छ :

“किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो । गए सालको रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हडताल गऱ्यौँ। ... तीन दिनसम्म काम ठप्प भयो" (पृ. १४) ।

अधिकार जब मागेर पाइँदैन, तब सोही अवस्थामै विद्रोह आवश्यक हुन्छ भन्ने कुरालाई उपर्युक्त अभिव्यक्तिबाट पुष्टि भएको देखिन्छ । शोषक र शोषित वर्गबिचको द्वन्द्वका स्थितिले सामूहिक विद्रोह जन्माएको छ र यही चेतनाद्वारा कथात्मक संरचना निर्माण भएको देखिन्छ । विद्रोहविना सामाजिक रूपान्तरण असम्भव छ । सामाजिक रूपान्तरणका लागि सङ्गठित रूपमा शोषकका विरुद्ध लाग्नुपर्ने विज्ञ शिक्षकको ठहर रहेको छ । यस सन्दर्भमा विज्ञ शिक्षक-४ को अभिमत यस्तो छ :

> प्रस्तुत कथामा शोषित, पीडित एवम् गरिबवर्गमा वर्गीय चेतनाको अभिवृद्धि भएको कुरा देखाइएको छ । जमिनदारहरूले गरेको शोषण दमनका विरुद्धमा उनीहरूले सङ्गठित रूपमा नै विरोध गरेका छन् । यसरी समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार र असमानताका विरुद्ध चेतना जगाई सङ्गठित विद्रोह गर्नुपर्ने सन्देश दिइएको छ । यसलाई अत्यन्त सकारात्मक पक्षका रूपमा लिन सकिन्छ । (विज्ञ शिक्षक - ४)

गाउँमा सामूहिक विद्रोही चेतनाको भावना जागृत भइसकेको स्थितिलाई कथाभित्र घटनाहरूले पुष्टि गरेका छन् । खास गरीकन हडतालका निम्ति गाउँलेहरू सङ्गठित हुनु यसको ज्वलन्त उदाहरण हो । पिछडिएको ग्रामीण समाजमा देखिएको विद्रोही चेतनाले सामाजिक विकृति र विसङ्गति हटाई समाजको सुधारसहितको हित, समानता, सदाचार र अग्रगमनको स्थापना गर्ने भएकाले यस कथामा सिर्जित विद्रोही चेतना समाज परिवर्तनका दिशामा महत्त्वपूर्ण बनेको विज्ञ शिक्षक निचोड  छ । विद्रोही चेतनाका सन्दर्भमा विज्ञ शिक्षक-३ को अभिमत यस्तो छ :

> तत्कालीन समाजमा हुने खाने र हुँदा खाने बिचको विभेद निकै चर्को रहेको देखिन्छ । यस कथामा पाखुरा बजाएर गरिखाने वर्ग र सामन्तवादीका बिचको द्वन्द्व भएको पाइन्छ । यही क्रममा उत्पीडित वर्गमा अधिकारको चेतना जागृत भई विद्रोही सङ्घर्ष भएको पाइन्छ । यस कथामा उत्पीडितहरू तथा विभेदमा पारिएकाहरूको सङ्घर्षशील स्वर मुखरित गरिएको छ । अशिक्षित समाजलाई हेर्ने आँखा, त्यसबाट उत्पन्न भएको मानवीय संवेदना, सार्थक र स्वाधीन जीवन जिउनका लागि मान्छेले भोगेको पीडा र सास्ती, त्यसबाट माथि उठ्न गरेको सङ्घर्ष यस कथाका विद्रोही चेतना हुन् । यस कथामा देखिएको विद्रोही चेतनाले सामाजिक विकृति र विसङ्गति हटाई समाजको सुधारसहितको हित, समानता, सदाचार र अग्रगमनको स्थापना गर्ने भएकाले यस कथामा सिर्जित विद्रोही चेतना उपयुक्त रहेको देखिन्छ । ( शिक्षक-३ )

सामूहिक विद्रोही चेतनाको निर्माण सामन्तको चरम शोषणको परिणाम हो भन्ने यस अध्ययनको विश्लेषणात्मक निष्कर्ष हो । विज्ञ शिक्षकहरूको राय सामाजिक विद्रोहबाट मात्र सामाजिक न्याय र अधिकार प्राप्त हुन्छ भन्ने छ, जुन कुराले यस सामूहिक जागरण शीर्षकको अध्ययनकसँग मेल खाएको छ ।

### *अवसरवादीको पहिचान र विद्रोह*

सङ्गठन बलियो भए ठुला ठुला क्रान्ति सफल हुन्छन् भन्ने मान्यता मार्क्सवादी दृष्टिकोण हो । महान् क्रान्तिको अभियानलाई तुहाउन सामन्तहरू कुटिल चाल चल्छन् । सङ्गठन फुटाउन अङ्ग्रेजको नीति 'डिभाइड एन्ड रुल' लाई अपनाउन सक्छन् । *गाउँको माया* कथामा पनि सामन्तहरू तिनै गरिबवर्गभित्रका कमजोर पात्रलाई प्रयोग गरी सङ्गठनलाई धराशायी बनाउन लागिपर्छन् । प्रस्तुत कथामा गरिबहरूले गरेका हडताललाई गतिहीन र निस्तेज बनाउन विद्रोहको नेतृत्व गर्ने पात्रहरू फेकन र शनिचरलाई प्रलोभनमा पारेको स्थिति देखाइएको छ । ती गरिब पात्रहरू सजिलै बिक्न पुग्छन् र विद्रोह अनिश्चित हुन पुग्छ । यद्यपि शोषित र सर्वहारावर्गले अवसरवादी

पात्रलाई पहिचान गरी तिनीहरूलाई आफ्नो सङ्गठनबाट बहिष्कार गरेको छ । अवसरवादीको पहिचान र बहिष्कारलाई निम्नाङ्कित उदाहरणबाट हेर्न सकिन्छ :

> हामीले फेकन र शनिचरलाई अगुवा बनाएका थियौँ । पछि उनीहरूले धोका दियो र धनीहरूसँग मिल्यो । चार चार मन धान दिन्छु भनेका थिए रे र त्यही लोभमा हडताल बिच्काइदियो । पछि यही कुरालाई लिएर हामीले तिनीहरूलाई केरकार गर्‍यौँ । झगडा फसाद भयो र हामीले उनीहरूलाई पार्टीबाट हटाइदियौँ । (पृ. १४)

सङ्गठनको नेतृत्व गर्ने नेतृत्वकर्ता अवसरवादी बन्यो भने त्यसको सङ्गठनमात्र होइन, क्रान्तिको लक्ष्य नै प्रभावित हुन्छ भन्ने कुरा माथिका उदाहरणबाट पुष्टि हुन्छ । समाजमा अवसरवादीको एउटै उद्देश्य हुन्छ, त्यो हो - अवसरको प्राप्ति । अवसर प्राप्त हुन्छ भने जुनसुकै स्तरमा गिर्न पनि त्यस किसिमका पात्रहरू तयार हुन्छन् । त्यस्ता पात्रहरूप्रति सदैव समाज परिवर्तनका दिशामा हिँड्ने व्यक्तिहरू सचेत रहनुपर्ने कुरामा विज्ञ शिक्षकको जोड रहेको छ । यस सन्दर्भमा विज्ञ शिक्षक-२ को धारणा यस्तो रहेको छ :

> नेतृत्व गर्ने व्यक्तिले आफ्नो वर्गप्रति सदैव उत्तरदायी र जिम्मेवार बन्नुपर्छ । कथामा फेकन र शनिचरजस्ता पात्रले गैरजिम्मेवार ढङ्गले नेतृत्वको दुरुपयोग गरेका छन् । यस्ता स्वार्थलोलुप व्यक्ति नेतृत्वतहमा पुगे भने यिनले वर्गसमूहका सपनालाई सजिलै आफ्नो स्वार्थका लागि सौदाबाजी गरेर ठूलो धोका दिन्छन् र परिवर्तन असम्भव देखिन्छ । (विज्ञ शिक्षक-२)

समाजमा अवसरवादीहरूको स्वार्थका कारण परिवर्तित सामाजिक चेतनालाई नकारात्मक प्रभाव पर्ने विचार विज्ञ शिक्षकको निष्कर्ष रहेको छ । अवसरवादी पात्र र तिनका चरित्रका विषयमा अर्का विज्ञ शिक्षक-५ को धारणा यस प्रकार रहेको छ :

> ज्याला बढाउनुपर्ने र समानता स्थापित गर्नुपर्ने माग राखेर भएको परिछनहरूको हडताल र विद्रोहको नेतृत्व गरेका फेकन र शनिचरजस्ता पात्रहरू हरेक आन्दोलनका आत्मघातीहरूका प्रतिनिधि हुन् । यस्ता व्यक्तिहरू देशमा हुने सानाठुला सबैखाले विद्रोहका बाधक बनेर आउँछन् र आफ्ना सीमित स्वार्थमा लीन हुने शोषकवर्गका पन्जामा पर्न सक्छन् । शोषकवर्गले जुनसुकै उपाय अपनाएर हडताल र आन्दोलनलाई निस्तेज पार्ने हुनाले विद्रोहीहरू त्यस्ता कार्यप्रति सधैँ सचेत हुनुपर्ने देखिन्छ । (शिक्षक-५)

परिवर्तनका दिशामा अगाडि बढेका आन्दोलनलाई समाजका अवसरवादी शक्तिहरूले जहिले पनि बाधा-व्यवधान गर्ने हुनाले तिनीहरूप्रति सचेत रहनुपर्ने कुरामा विज्ञ शिक्षकको अभिमत रहेको छ । विवेच्य कथामा नेतृत्वको दुरुपयोग गर्ने पात्रका विषयमा विज्ञ शिक्षक-४ ले प्रस्तुत गरेको मत यस्तो रहेको छ :

> सामन्तवर्गका रूपमा रहेका गाउँका ठालुहरूले आफ्नो एकाधिकार कायम राखिरहनका लागि 'डिभाइड एन्ड रुल'को नीति अपनाएका छन् । परिछनहरूले अगुवा बनाएका फेकन र शनिचर धनीहरूसँग मिल्न पुग्दछन् । प्रलोभन र झुटा आश्वासनमा परेर उनीहरू सम्झौता गर्छन्, जसले गर्दा एउटा निर्णायक मोडमा पुगेको हडताल असफल हुन पुग्दछ । यसरी हेर्दा व्यक्तिगत फाइदा लिने अवसरवादीका रूपमा फेकन र शनिचरलाई लिन सकिन्छ । उनीहरू पार्टीबाट निकालिन्छन् र परिछनहरूका पार्टीमा विभाजन आउँछ । यसले गर्दा गरिबहरूको एकता टुट्छ । अन्ततः जमिनदारहरूको रजाइँ चलिरहने अवस्था सिर्जना भएको छ । यसरी हेर्दा वर्गीय आन्दोलनका सन्दर्भमा फेकन र शनिचरलाई अवसरवादी, गद्दार एवम् प्रतिक्रियावादी तत्त्वका रूपमा लिन सकिन्छ । ( विज्ञ शिक्षक - ४)

उक्त विश्लेषणपछि यस निष्कर्षमा पुगिन्छ कि अवसरवादीहरू मौकाको फाइदा उठाउने अवसरका खोजीमा हुन्छन् । तिनीहरू व्यक्तिगत प्रलोभनमा पर्छन् र सामन्तका खेलमा गोटी बन्न पुग्छन् । यसले समग्र विद्रोह तुहिने हुन्छ । यस कथामा सर्वहारावर्गका पात्रले त्यस्ता चरित्रलाई सङ्गठनबाट हटाइदिएर आफ्ना विद्रोहलाई निरन्तरता दिएको देखिन्छ । सर्वहारावर्गका महान् अभियानलाई पुँजीवादीहरू मन पराउँदैनन् । द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तअनुसार सामन्तले गर्ने षड्यन्त्रको एउटा नमुनाका रूपमा अवसरवादी चरित्र फेकन र शनिचरको भूमिकालाई लिन सकिन्छ । तिनलाई गरिने बहिष्कार चाहिँ विद्रोहका उचाइको दृष्टान्त हो ।

***सामाजिक जागरण***

समाज परिवर्तनका लागि व्यक्तिको एकल प्रयास सार्थक हुन कठिन छ । समूह समाज परिवर्तनको आधार हो । 'एक थुकी सुकी हजार थुकी नदी' भनेझैँ सङ्गठनका बलले परम्पराको जग हल्लिन्छ । विश्वमा समाजवादी क्रान्तिहरू सामूहिक जागरणबाट सम्भव भएका छन् । मार्क्सवादले सामूहिक बललाई समाज परिवर्तनको आधार मान्दछ । सर्वहारा वर्गले अन्याय भएको महसुस गरेपछि तरङ्गझैँ गाउँमा जागरणको लहर चलेको अवस्था कथामा वर्णित छ । अन्यायका विरुद्ध गाउँमा रबिन हुडजस्ता समाज परिवर्तन गर्ने प्रेरणा बोकेका नाटकको रिहर्सल हुनु सामूहिक जागरणको शङ्खघोष हो । यस कथामा यसलाई यसरी सङ्केत गरिएको छ - "अचेल त परिछनका टोलमा बेलुकी बेलुकी रबिन हुडको नाटक रिहर्सल गर्दैछन् । ... हाम्रा गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन्"  (पृ. १२) ।

रबिन हुड नाटकमा धनीलाई लुटेर गरिबलाई धनमाल बाँड्ने चरित्र विद्यमान छ । यसलाई नै नाटकीकृत गरी गाउँमा रिहर्सल गराउने प्रसङ्गले सामूहिक जागरणको निर्माण हुन गएको छ । सामन्तलाई लुटेर गरिबलाई बाँड्ने प्रसङ्ग साम्यवादी चिन्तनको उपज मानिन्छ । समाज परिवर्तन क्रान्तिबाट हुन्छ भन्ने द्वन्द्वात्मक भौतिकवादी

सिद्धान्तअनुरूप चेतनाका परिवर्तनलाई परिछनका अभिव्यक्तिका अंशले प्रस्तुत गर्दछ - "गए साल रोपाइँका बेलामा हामीले चार किलो बनीका लागि हडताल गर्‍यौँ। सुरुमा त राम्रै थियो, तीन दिनसम्म काम ठप्प भयो" (पृ. १४)।

श्रमिकलाई दिइने ज्याला वा बनी कम भएको असन्तुष्टि माथिका उदाहरणमा देखिन्छ। समाजमा जागरणको लहर पैदा भइसकेको र यसले परिवर्तनका नयाँ नयाँ शिराहरू निर्माण गर्छ भन्ने कुरामा विश्वास हुने स्थिति आइसकेको छ तर परिवर्तन भने आइनसकेको धारणा विज्ञ शिक्षकको रहेको छ। सामाजिक जागरणका विषयमा विज्ञ शिक्षक-१ ले प्रस्तुत गरेको धारणा यसप्रकार छ - "दमितहरूमा आफू दमनमा परेको बोध भएर त्यसका विरुद्ध एकजुट हुनुपर्छ भन्ने चेतनाको विकास पनि भइसकेको तर त्यसले सार्थकता भने नपाएको अवस्था रहेको देखिन्छ" (विज्ञ शिक्षक-१)।

विवेच्य कथामा गाउँलेहरूमा सचेतता आएको र चेतनाअनुसारका क्रान्तिकारी क्रियाकलापहरू हुन पनि थालेका तर विद्रोहले सार्थक रूप लिइनसकेका कुराप्रति आशावादी हुनुपर्ने कुरा विज्ञ शिक्षक-१ को अवधारणा रहेको छ। सङ्गठनका सुदृढीकरणले सामूहिक जागरणका नयाँ नयाँ आयामहरू निर्माण हुँदै जाने र लक्षित उद्देश्यहरू प्राप्त गर्नलाई सहज हुने कुराप्रति अर्का विज्ञ शिक्षकको जोड रहेको छ। यही परिप्रेक्ष्यमा विज्ञ शिक्षक-५ ले राख्नुभएको धारणा यस्तो छ :

> गाउँमा व्याप्त अन्याय र अत्याचारको खुलेर विरोध गर्नु; नाटक रिहर्सल गरेर वर्गीय चेतना जागृत गराउने कोसिस गर्नु; समाज परिवर्तन र गाउँको विकासमा शिक्षाको महत्त्व बुझ्नु; श्रमको उचित मूल्य खोज्नु; आफ्ना मागहरू राखेर शान्तिपूर्ण तरिकाले बन्द हडताल गर्नु; साङ्गठनिक चेतना र आवश्यकताको बोध हुनु; अवसरवादी, धोकेवाज, दलाल चरित्रका वर्गीय शत्रुहरूलाई निष्कासन गरी सङ्गठन सुदृढ बनाउनु आदि पक्षहरूमा जागरण आएको देखिन्छ। (विज्ञ शिक्षक-५)

विवेच्य कथामा समाजको यथार्थलाई केलाउँदै प्रगतिवादी स्वर प्रस्तुत गरिएको पाइन्छ। समाज अशिक्षित भए पनि घमण्ड नगर्ने, जन्मभूमिको माया गर्ने, साथीभाइ र समाजको भलो चाहने, सामन्तको एकाधिकार तोडी सर्वहारावर्गको मुक्ति चाहने, गाउँको भलो चाहनेजस्ता क्रियाकलापद्वारा समाजमा जागरण ल्याउन खोजिएको छ। यसमा सहयोगी, मिलनसार गाउँले र गाउँको भलो चाहने आदर्श गुणयुक्त समाजको आशा गरिएको छ। आफ्नो मौलिक हक र अधिकारप्राप्तिको लडाइँ लड्ने समाजको कल्पना गरिएको छ। साहुमहाजनको विपन्न वर्गलाई 'फुटाऊ र शासन गर' भन्ने नीति विफल पारेरै दासत्वबाट मुक्त र अधिकारसम्पन्न नागरिक भएर छाड्ने जागरण ल्याउन खोजिएको छ। यसमा श्रमको उचित मूल्य पाउने समाजको कल्पना गर्दै

सामन्तवादको जरा उखेलेर फ्याक्ने, ठालुहरूका दबदबाको अन्त्य गरेरै छाड्ने एवम् न्याय र समतामूलक समाजको निर्माण गर्नेजस्ता जागरणका चाहना व्यक्त भएको देखिन्छ ।

विज्ञ शिक्षकको अवधारणा र विश्लेषणका आधारमा यो निष्कर्षमा पुगिन्छ कि गाउँलेहरूले ज्याला कम भएको महसुस गर्नु सामाजिक जागरणको प्रेरक तत्त्व हो । शोषण भएको थाहा पाउनु कारण हो भने हडतालजस्तो कार्यमा उत्रिनु परिणाम हो । कारण र परिणाम सामूहिक जागरणको उपज हो । चार किलो बनीका लागि सामूहिक अभियान सुरु हुनु समाज परिवर्तनको जागरण हो । मार्क्सवादी चिन्तनमा सर्वहारा आफ्नो हक-अधिकार प्राप्तिका लागि सामूहिक विद्रोहमा लाग्दछन् । शोषकविरुद्ध कडा कदम नउठाएसम्म हकअधिकार पाउन नसकिने सन्दर्भमा विज्ञशिक्षकहरूको विवेच्य कथाको सामूहिक जागरणसम्बन्धी अभिमतले परस्परमा मेल खाएको छ ।

***सामाजिक रूपान्तरण***

प्रगतिवादी रचनामा सर्वहारावर्गको आर्थिक रूपान्तरणलाई विशेष महत्त्वका साथ चित्रण गरिन्छ । सामन्तको शोषणले पिल्सिएको र गरिबीका चपेटामा परेको सर्वहारावर्ग आर्थिक रूपान्तरणका लागि क्रान्तिमा होमिनु सामान्य कुरा हो । श्रमजीवीहरू श्रमको समान मूल्य र भेदभावरहित समाजको अपेक्षा गर्छन् । यस कथामा वर्षौंदेखि साहुका शोषणको सामना गरेका गरिबमा चेतना जागृति भएका अवस्थाको वर्णन गरिएको छ । आर्थिक पक्ष सुधार्नका लागि साहुका काममा नजाने सामूहिक निर्णयले सामाजिक रूपान्तरणलाई सङ्केत गरेको छ ।

> किसुन भाइ ! यो दुइतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो गए साल रोपाईँको बेलामा हामीले चार किलो बनीको कुरा लिएर हडताल गर्‍यौँ । सुरु मात्र सब राम्रै थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनिचारलाई अगुवा बनाएका थियौँ ।...त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे एक साल भएन त अर्को साल कहाँ जाला ! (पृ.१४ र १५)

यस अभिव्यक्तिले आर्थिक रूपान्तरणका लागि श्रमिकले क्रान्तिको कदम अघि सारेको देखिन्छ । काम नगरी भोकै बसेर पनि श्रमको मूल्य प्राप्त गर्ने निर्णय सामाजिक रूपान्तरणको दरिलो कदम हो ।

सांस्कृतिक रूपान्तरण प्रगतिवादी साहित्यको महत्त्वपूर्ण पक्ष हो । परम्परित विश्वासमा परिवर्तन आउनु सांस्कृतिक रूपान्तरणको पहिलो कदम हो । यस कथामा सर्वाहारावर्गमा श्रमप्रतिको परम्परित विश्वासमा परिवर्तन आएको छ । साहु महाजन बेखुसी भए भने यसले गाउँमा अनिष्ट निम्त्याउँछ भन्ने अन्धविश्वासी मानसिकतामा परिवर्तन आएको देखिन्छ । गरिबका पक्षमा सन्देश प्राप्त हुने रबिनहुड नाटकको रिहर्सल हुनु यसको प्रमाण मान्न सकिन्छ ।

"अस्ति भर्खरमात्र भाइले चिठी लेखेथ्यो, 'दाजु ! अचेल परिछनको टोलमा बिहान बेलुकी 'रबिन-हुड' को नाटक रिहर्सल गर्दै छन् ... हाम्रो गाउँ पनि केही हो, केही हुन सक्छ र त्यही केही हुनु नै मेरा लागि अथवा हाम्रा लागि माने, म, बुधना, परिछन र बखतबहादुरका हकमा जीवन खुल्दथ्यो अर्थात् जीवनको, बाँच्नुको माने लाग्दथ्यो ।" (पृ.१२)

गरिबको समस्या हल गर्ने प्रेरणादायी सोचका विकासलाई सांस्कृतिक परिवर्तनको आधार मानिन्छ । गाउँ केही हो र यो केहीभित्र परिवर्तन हुन्छ, हुनुपर्छ भन्ने लेखकको सोचाइलाई सांस्कृतिक परिवर्तनको उदाहरण मान्न सकिन्छ । सांस्कृतिक परिवर्तनबाट जीवनको अस्तित्व सम्भव भएका कुराको चित्रण विवेच्य कथामा गरिएको छ ।

सामाजिक रूपान्तरणका लागि अन्याय, अत्याचार र सबै खालका हिंसाजन्य अमानवीय तत्त्वहरूको अन्त्य हुनुपर्छ भन्ने मान्यता यस कथामा महत्त्वका साथ स्थापित गरिएको छ । यस कुरालाई विज्ञ शिक्षकहरूले जोडबलका साथ उठाएको देखिन्छ । सामाजिक रूपान्तरणका सन्दर्भमा विज्ञ शिक्षक-१ को यस्तो भनाइ रहेको छ - "उच्च वर्ग र निम्न वर्गका बिचको विभेद, असमानता, शोषण, अत्याचारको अन्त्य गरी उन्नत, वैज्ञानिक, सुसंस्कृत, सत्य र न्यायपूर्ण सम्बन्धको विकास गर्नुपर्छ भन्ने अवधारणा यस कथाभित्र उद्घाटित भएको छ" (विज्ञ शिक्षक-१) । समाजका अवसरवादी चरित्रहरूप्रति गरिबहरू सधैँ सचेत रहनुपर्ने विज्ञ शिक्षकको धारणा रहेको छ । सामाजिक रूपान्तरणका सन्दर्भमा विज्ञ शिक्षक-२ ले प्रस्तुत गरेको धारणा यस्तो छ :

लेखपढ गर्न अवसर पाएका व्यक्ति आफ्नै घर फर्किएर उन्नति र प्रगतिका लागि चेतना दिन लागेका छन् । श्रमको उचित ज्यालाले मात्र जीवनस्तरमा परिवर्तन आउन सक्ने विश्वास गाउँलेहरूमा पैदा भएको छ । वर्गीय एकतालाई फुटाएर रजाइँ गर्न पल्केका मुठीभर ठालुहरूदेखि सदैव सावधान बन्नुपर्ने चेतना गाउँलेमा आएको छ । (विज्ञ शिक्षक-२)

सामाजिक रूपान्तरणका सिलसिलामा आफ्ना जन्मस्थानप्रति अगाध आस्था राख्ने लेखक गाउँतर्फ उत्तरदायी भएको देखिन्छ । समाज परिवर्तनको चाहना र आवश्यकतालाई मध्यनजर गर्दै गाउँका गाउँलेहरूले परिवर्तनका विषयमा चासो बढाएको देखिन्छ भने वर्गीय चेतनाको विकास र समतामूलक समाजका निर्माणमा गाउँलेहरूमा पैदा भएको विद्रोह यस कथामा महत्त्वपूर्ण रहेको छ । यस तथ्यलाई परिछनका निम्नाङ्कित भनाइले पुष्टि गर्दछ :

कठै ! तिमी पनि गाउँमा बसिदिंदा हौ त हामीजस्ता गवाँरले पनि दुईचार कुरा जान्ने मौका पाउने थियौँ। … तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आड भरोसा मिल्थ्यो, बल मिल्थ्यो, आखिर हामी त मूर्ख

र गवाँर न हौँ। तिमी लेखपढ गरेको मान्छे। तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ। तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...। (पृ.१२,१४)

शिक्षित मानिसले गाउँमा नेतृत्व लिइदिने हो भने गाउँमा अन्याय र अत्याचार कम हुन जान्छ। शिक्षित व्यक्तिको चेतनशील कार्यले समाजमा परिवर्तन हुने कुरा निश्चित छ साथै सांस्कृतिक चेतनामा परिवर्तन हुने कुरा पनि शिक्षित वर्गका भूमिकामा निर्भर गर्दछ। यस कथाको प्रमुख पात्र परिछनलाई बोध भएको शिक्षा र चेतनाको अर्थ एवम् महत्त्व सांस्कृतिक परिवर्तनका लागि अहम् रहेको कुरामा विज्ञ शिक्षकको जोड रहेको छ । यसै सन्दर्भमा विज्ञ शिक्षक-३ को धारणा महत्त्वपूर्ण देखिन्छ-

यस कथामा आएका नाटक रिहर्सलका प्रसङ्गले गाउँका मान्छेहरू जीवनलाई बुझ्दै छन् भन्ने स्पष्ट भएको छ। यसरी युवाहरूमा आएका सांस्कृतिक जागरणले आधुनिकताको आकर्षण र जागरण सल्बलाएको देखिन्छ। वर्गीय विभेद, शोषण, दमन, अन्याय, अत्याचार, विकृति एवम् विसङ्गतिलाई हटाई न्याय र समतामूलक, विभेदरहित समुन्नत समाज निर्माणमा गाउँका गरिबवर्गमा जागरण आएको पाइन्छ। यसमा जन्मभूमिको माया गर्ने, साथीभाइ र समाजको भलो चाहने कार्य भएको छ। सामन्तको एकाधिकार तोडी सर्वहारावर्गका मुक्तिबाट गाउँको र गाउँलेको भलो चाहने काम भएको छ। त्यसैले यो कथा गाउँको भाग्य र भविष्य निर्माणमा आशावादी छ। जमिनदार, साहुमहाजन, ठालुहरूको 'फुटाउ र शासन गर' भन्ने नीतिलाई विफल पार्ने, ठालुहरूको गाउँमाथिको एकाधिकारको अन्त्य गराउने, विपन्न सर्वहारावर्गको नागरिक हक लिएरै समाज रूपान्तरण गर्न यस कथाले प्रेरणा दिएको बनेको छ। (विज्ञ शिक्षक-३)

विज्ञ शिक्षकको अभिमत र विश्लेषणका आधारमा यो निष्कर्षमा पुगिन्छ कि समाज रूपान्तरणका लागि बौद्धिक दिशानिर्देश गर्दै अन्यायको विरोध गरेर श्रमजीवीको पक्षमा आवाज उठाउनु जरुरी छ । सामाजिक परिवर्तन आजका युगको परिवर्तनको कडी हो। पुरातन संस्कार र संस्कृतिले आर्थिक विभेदयुक्त समाजको निर्माण गर्छ। त्यसैले यसलाई जरैदेखि निर्मूल गर्न आर्थिक र सांस्कृतिक रूपान्तरण जरुरी रहेको छ। सर्वहारावर्गमा कुशल नेतृत्व र परिवर्तनकामी क्रान्तिद्वारा समानतामूलक समाजको निर्माण हुन्छ भन्ने विज्ञ शिक्षकहरूको मान्यता छ।

***सामाजिक न्याय***

सामाजिक न्याय समाजको आधारभूत संरचना हो, जहाँ सबै किसिमका असमानताको अन्त्यका लागि अधिकार, शक्ति, अवसर र आयजस्ता कुराको वितरण समान, सन्तुलित र न्यायपूर्ण किसिमले गरिन्छ। शक्तिसम्पन्न र शक्तिविहीन, ठूलो र सानो, धनी र गरिब, उच्च र नीचका विभेदको अन्त्य सामाजिक न्यायको मूल मर्म हो (कोइराला २०७८)। आर्थिक समानता सामाजिक न्यायको मेरुदण्ड हो। समाजमा रहेको एउटा वर्गका हातमा

अथाह सम्पत्ति असङ्ख्य अवसर र स्रोत-साधनहरू केन्द्रित रहने र अर्को वर्ग ती स्रोत-साधनका उपयोगबाट वञ्चित रहने अवस्था सामाजिक न्यायका लागि गम्भीर चुनौती हो । आयको स्तर र उपभोगमा सन्तुलन र समानताको अपेक्षा सामाजिक न्यायभित्र रहने कुरामा विज्ञ शिक्षकको जोड रहेको छ । सामाजिक न्यायका सन्दर्भमा विज्ञ शिक्षक-५ ले *गाउँको माया* कथाभित्रका सबल पक्षलाई बुँदागत रूपमा यसरी उल्लेख गर्नुभएको छ - क) गाउँको माया र विकासको चाहना, ख) समाजमा पछि पारिएका वर्ग र समुदायका निम्ति सामाजिक-न्यायिक सिद्धान्तअनुसार उत्थानको प्रयास, ग) वर्गीयचेतनाको अभिवृद्धि, घ) श्रमका मूल्यको खोजी, ङ) समाज परिवर्तनमा शिक्षाले पार्ने सकारात्मक प्रभावको चर्चा, च) युवाजागरण र वर्गसङ्घर्षको सङ्केत ।

सामाजिक न्यायका लागि अवसर र आयका वितरणमा समानता आवश्यक हुन्छ । विवेच्य कथामा सर्वहाराहरूका सङ्घर्षको मूल ध्येय आर्थिक न्यायको स्थापना गर्ने देखिन्छ । सामान्य मागबाट सामाजिक न्याय प्राप्त नहुने भएपछि हडताल गरेरै आवाज बुलन्द बनाइनुपर्ने कुरामा कथाले जोड दिएका तथ्यलाई विज्ञ शिक्षकले महत्त्व दिनुभएको छ । यस सन्दर्भमा विज्ञ शिक्षक - ४ को धारणा यस्तो रहेको छ :

> सामाजिक न्यायले समाजका सबै पक्षमा समान न्यायको वकालत गर्दछ । समाजका प्रत्येक सदस्यहरूप्रति सम्मान र मर्यादापूर्वक समान व्यवहारको अपेक्षा गर्दछ । विनाभेदभाव स्रोतसाधन र अवसरहरूको समान वितरण गर्ने तथा न्यायपूर्ण समाजको निर्माण गर्ने कुरामा जोड दिन्छ । *गाउँको माया* कथामा परिछनजस्ता उत्पीडित, उपेक्षित र पछाडि परेका वा पारिएका व्यक्ति तथा समूहहरूलाई समान रूपमा अवसर प्रदान गर्ने कुरामा जोड दिइएको छ । ( शिक्षक-४)

परम्परादेखि साहुले जति दिए, त्यसैमा सन्तोष गर्नुपर्ने बाध्यताका विरुद्ध श्रमिकहरूले चालेका कदमहरू सामाजिक न्याय स्थापनाका लागि महत्त्वपूर्ण बनेका छन् । सामाजिक न्यायविहीन गाउँको चित्रलाई यस कथामा यसरी प्रस्तुत गरिएको छ :

> ती दिनहरू अब धेरै पछाडि छुटिसके । त्यही गीत अचेल परिछनको छोराले गाउँदो हो गोठालो लागेको बेला । परिछनको छोरो पनि बाबुको बिँडो थाम्दै पछि, अलि उमेरदार भएपछि हली बस्ला । परिछन पनि गोठालो थियो लगभग छसात वर्षको उमेरदेखि । चौधपन्ध्र वर्षको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा । छोरालाई पनि यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि यही काम सिकाउला । यसरी एवम् रीतले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुराहरूबाट क्रमशः हस्तान्तरण हुँदै गयो । (पृ.-१३) ।

हली बस्नु शोषणको प्रकारान्तर रूप हो, यो चरम बाध्यता हो । यस प्रकृतिका समाजमा सामाजिक र आर्थिक न्याय भेटिन्न । बाबु हली बसेर हुर्कन्छ अनि उसको छोरो त्यही परम्परालाई निरन्तरता दिन्छ । एवम् रीतले पुस्तौँपुस्तासम्म यो क्रम चलिरहेको सन्दर्भ कथामा देखिन्छ । सामाजिक न्याय र आर्थिक समानता स्वतन्त्रतातर्फ उन्मुख राजनीतिक समानता हुने आर्थिक सिद्धान्तका कारणबाट मात्र प्राप्त हुन्छ (कोइराला, २०७८) । यसर्थ यस्ता अवस्थाबाट गुज्रिएका समाजमा न्यायका लागि विद्रोहबाहेक अन्य विकल्प देखिँदैन । गाउँको परिवर्तनका लागि सचेतताको आवश्यकता रहेको र विवेकको प्रयोग गरी असल र खराब पात्र छुट्याउन सक्नुपर्ने तर्क विज्ञ शिक्षकको रहेको छ । यस सन्दर्भमा विज्ञशिक्षक-३ को धारणा यस्तो छ :

> *गाउँको माया* कथाले परम्परागत मूल्यमान्यता र संस्कृतिलाई परिष्कार गर्दै आधुनिक सोचका साथ युवाहरू अगाडि बढेमा मात्र समाजको विकास तथा परिवर्तन हुने तथ्यलाई सङ्केत गरेको छ । यस कथामा शिक्षित व्यक्तिले आफ्नो मित्रता अशिक्षित व्यक्तिसँग सदा झैँ कायम राख्नु, गाउँका मानिसले नाटकको रिहर्सल गर्नाले उनीहरू बुझ्ने भइसकेको बोध हुनु, गाउँमा विस्तारै आधुनिकता र विकास आउनुजस्ता कुरा यस कथाका सबल पक्ष हुन् । यसमा गाउँको समृद्धिका लागि गाउँमा केही राम्रो काम भए गाउँको जीवन नै सार्थक हुन्छ भन्ने आशावादी स्वर पाइन्छ । यस कथाले जन्मभूमिप्रतिको प्रेमभाव व्यक्त गर्दै विदेश जानुको साटो पढेलेखेका युवाहरू गाउँको विकासतर्फ लाग्नुपर्ने र परम्परागत जीवनशैलीलाई आत्मसात् गर्दै आधुनिकतातिर लम्कनुपर्ने कुरा सशक्त रूपमा उठाएको छ । गरिबवर्ग दुःख, कष्टका साथ गरिएका मिहिनेतका भरमा बाँचेका हुनाले गाउँलेहरूको शक्ति र सामर्थ्यको बोध गराइएको छ । यस कथामा गाउँले र गाउँको भलो चाहने असल गुणयुक्त व्यक्तिबाट नै गाउँको भाग्य र भविष्य निर्माण हुने आशा गरिएको छ । यस कथामा अवसरवादी धोकेवाजलाई आफ्ना समाजबाट बहिष्कार गर्नुजस्तो सकारात्मक सोच रहेको पाइन्छ । ( शिक्षक-३) ।

माथिको विश्लेषणका आधारमा यो निक्यौल गर्न सकिन्छ कि सामाजिक न्यायका लागि आर्थिक समान अवसर र श्रमको उचित मूल्य प्राप्त गर्नु जरुरी छ । तराईको समाजका सामाजिक, सांस्कृतिक, लैङ्गिक, शैक्षिक, राजनैतिक, जातीय, भाषिकजस्ता महत्त्वपूर्ण पक्षहरू आर्थिक न्यायका अभावमा गर्भमा नै रहेका छन् । प्रस्तुत कथाभित्रका पात्र, परिवेश, घटना आदिका माध्यमबाट सामाजिक न्यायका लागि श्रमजीवी सर्वहाराको हक र अधिकारलाई सुरक्षित राख्नुपर्ने निष्कर्ष निकालिन्छ । सामाजिक रूपान्तरणको आधार तत्त्व आर्थिक वितरणको समानता र सामाजिक न्यायको स्थापना नै हो भन्ने अध्ययनसँग विज्ञशिक्षकको अभिमत समान रहेको देखिन्छ ।।

**बौद्धिक निराशाबोध र आलोचनात्मकता**

निराशाबोध प्रगतिवादी चिन्तनको विपरीत कुरा हो। प्रगतिवादी दृष्टिकोणबाट द्वन्द्व एवम् कार्यव्यापारको निष्कर्ष अग्रगमनतर्फको यात्रा रहन्छ। प्रगतिवादी सैद्धान्तिक पृष्ठभूमिमा रचना गरिएको *गाउँको माया* कथाभित्र विविध कोणबाट बौद्धिक वर्गको निराशाबोध भेटिन्छ। खास गरी समाजको वस्तुस्थिति र त्यसले निम्त्याएका कतिपय समस्याको डटेर सामना गर्नुपर्नेमा बौद्धिक वर्ग चुपचाप बसेको भेटिन्छ।

पिछडिएका गाउँमा शैक्षिक अवसरको कमी छ। प्रतिभा भएका मानिस शैक्षिक अवसरका खोजीमा सहर पसेका छन्। यस कथाको 'म' पात्र शिक्षा एवम् बेरोजगारीका सिलसिलामा सहर पसेको देखिन्छ। शिक्षा र रोजगारीले यस पात्रलाई सहरमा नै बन्धक बनाएको छ। गाउँतर्फका यात्रामा रुचि त छ तर कृत्रिम व्यस्तताले उसलाई गाँजेको देखिन्छ। आफ्नो बाध्यता यसरी प्रस्तुत गर्दछ : "लगभग दुई वर्षपछि गाउँतिर फर्केको थिएँ। यी दुई वर्षका बिचमा धेरै पटक प्रयास गरेँ गाउँतिर जाऊँ भनेर। तर हरेकपटक एउटा न एउटा अल्झो आइपर्थ्यो र प्रयास केवल प्रयासै रहन जान्थ्यो" (पृ. १२)।

प्रगतिवादी दृष्टिकोणबाट हेर्दा सहर पसेका बौद्धिक व्यक्तित्वहरूको मानसिकता उदासीन रहेको देखिन्छ। विज्ञ शिक्षक -३ ले बौद्धिक लेखकीय भूमिकामा शङ्का जनाउँदै भन्नुभएको छ : "शिक्षित व्यक्तिका रूपमा उभ्याइएको कृष्ण (लेखक) ले समेत समाज परिवर्तनको प्रगतिवादी बिगुल फुक्नुपर्नेमा परिछनका माध्यमबाट मात्र परिवर्तनको चेतना ल्याउन खोजेको देखिन्छ।" कथामा बौद्धिक निराशाबोधको अर्को पक्ष यथास्थितिप्रतिको केवल अन्तर्मन्थन मात्र रहेको देखिन्छ तर अन्याय र अत्याचारका विरुद्धमा मौनता साँधेको पाइन्छ। 'म' पात्र गाउँको समस्याप्रति पूर्णतः जानकार भए पनि उचित निकास दिने कार्यबाट पन्छिएको देखिन्छ, जुन यस कथामा प्रगतिवादभित्रको आलोचनात्मक पक्ष मान्न सकिन्छ। 'म' पात्रभित्र निराशाबोध झल्काउने आत्मालाप यस्तो छ :

> परिछन पनि पहिले गोठालो थियो, लगभग छसात वर्षकै उमेरदेखि। चौधपन्ध्रको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा। छोरालाई पनि त्यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि त्यही काम सिकाउला। यसरी एवम् रितले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुरीहरूबाट क्रमशः हस्तान्तरण हुँदै रह्यो। हुन त सायद म पनि त्यही नै हुन्थेँ होला। (पृ.-१३)

कथाकारको यस अन्तःसंवादमा अग्रगामिताभन्दा निराशाको अभिव्यक्ति भेटिन्छ। वस्तुस्थितिको सूक्ष्म अन्तर्निरीक्षण त भयो तर त्यसलाई परिवर्तन गर्ने उर्जा बौद्धिक वर्गका पात्रमा भएको देखिँदैन। यसलाई बौद्धिक व्यक्तित्वको निराशाबोध भन्न सकिन्छ। बाबुले हली बस्न बाध्य छ तर यस पेसालाई छोराले पनि निरन्तरता दिने कुरालाई कथाकारले आलोचनात्मक दृष्टिले हेरेका छैनन्। बरू यो परम्परा बनेर बसेको छ भनेर पन्छिएका छन्।

यो बौद्धिक व्यक्तिका उदासीनताको परिस्थिति हो । यति मात्र होइन, स्वयम् आफ्नो अवस्था पनि यस्तै हुन्थ्यो होला भन्दै कथाकारले नियतिवादी सोचाइ प्रदर्शन गरेका छन् । यसलाई यस कथाको प्रगतिवादी चिन्तनभित्रको आलोच्य पक्ष मान्न सकिन्छ ।

कथाकारले आफ्ना अतीतको जति स्मरण गरेका छन्, त्यसै अनुपातमा सामाजिक जिम्मेवारीको भूमिका निर्वाह गरेको पाइँदैन । शिक्षित र प्रबुद्ध व्यक्ति विभेदपूर्ण पीडाको समाधानका लागि मुखरित नभई अन्तर्मुखी प्रवृत्तिमात्र प्रदर्शन भएको देखिन्छ, जसलाई कथाभित्रका निम्नाङ्कित अभिव्यक्तिबाट पुष्टि गर्न सकिन्छ :

"मानसपटलभरि गाउँ नै सल्बलाइरह्यो- बुधना,परिछन,रामदरस,बखतबहादुर,कान्छोभाइ,आमा,बा,घर, छिमेक, टोल, गाउँ, सुल्तान डाकुको नौटङ्की, महावीरजीको झन्डामेला, हाटबजार...अनि यस्तै यस्तै थुप्रै घटनाहरू । एक समय गाउँका यी घटना, भिडभाड, चहलपहलहरूको म प्रत्यक्षदर्शी थिएँ । अहिले आएर यी सबको पृथकताबोध कताकता च्वास्स बिझाउँछ-आफैंलाई । गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क मौलाउँछ छातिभरि" (पृ. १२) ।

गाउँप्रति जिम्मेवारीबोध हुनपर्थ्यो तर त्यसविनाको आत्मालापमय लेखकीय अभिव्यक्तिले उसमा विद्यमान निराशालाई सङ्केत गरेको छ । निराशावादी आत्मपीडा प्रगतिवादी साहित्यको सीमा हो । यसले अग्रगामी कदम चाल्न बाधा सिर्जना गर्छ । लेखकले गाउँका परिवेशको स्मरण केवल स्वान्तःसुखाय वा आत्मसुखका निम्ति मात्र गरेको देखिन्छ ।

प्रस्तुत कथाको अर्को महत्वपूर्ण पाटो शिक्षित वर्गप्रति गाउँलेहरूको अति भरोसा रहेको तर शिक्षित वर्ग भने निरीह र पलायोन्मुख व्यवहार प्रदर्शन गर्न पुगेको पाइन्छ । सचेत व्यक्तिमा जोखिम वहन गरेर समाज रूपान्तरण गर्ने साहस नभएको देखिन्छ । प्रगतिवादी चरित्र हरेक चुनौतीका अगाडि उभिन्छ र अरूहरूको प्रेरणादायी स्रोत बन्दछ तर यस कथाभित्रको 'म' पात्र प्रबुद्ध भईकन पनि समाज परिवर्तनका दिशामा अग्रसर भएको पाइँदैन, जुन यस कथाको सीमा रहेको छ । परिछनको क्रान्तिकारी सङ्घर्षशील विचार र कार्यका अगाडि आफ्नो भूमिका शून्यप्रायः रहेको अभिव्यक्ति 'म' पात्रले निम्नानुसार दिएको छ :

परिछन ! यसो भनेर किन मलाई लज्जित पार्छौ । गाउँ तिमीहरूकै हो, तिमीहरूकै हँसिया, खुर्पी, कोदालो र पाखुरीका बलमा गाउँ बाँचेको छ । गाउँका इज्जत भनेका तिमीहरू नै हौ । तिमीहरूकै आडमा गाउँ अभिमानी भएको छ । तिम्रो पाखुरीले खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त... । (पृ.-१५)

माथिको अध्ययन र विश्लेषणका आधारमा हेर्दा सचेत र प्रबुद्ध व्यक्तित्त्वले गाउँको जिम्मेवारी र अग्रगामी निकासका लागि नेतृत्वदायी भूमिका नखेलेका सन्दर्भबाट बौद्धिक निराशाबोध स्पष्ट झल्किएको निष्कर्ष निकालिन्छ । कथाभित्र 'म' पात्रको सङ्घर्ष र अग्रगामी परिवर्तनप्रति उत्साहजनक भावभन्दा पनि गाउँलेहरूकै बढी जिम्मेवारी र भूमिका रहने देखाएर आफू पन्छिनुले निराशाबोध नै दर्सिन्छ । गाउँको इज्जत स्वयम् गाउँले हुन् भन्दै आफू त केवल यस गाउँको पाहुनाका रूपमा 'म' पात्रका रूपमा लेखकले महसुस गरेका छन् । गाउँलेका पाखुरीले खोलाका धारलाई फर्काउने तर आफ्ना विवेकले कुन दिशा लिने भन्ने स्पष्टता स्वयम् लेखकमा देखिँदैन । यसरी हेर्दा गाउँलेको हँसिया, खुर्पी, कोदालो र पाखुरीका आडमा गाउँ बाँचेको बुझ्ने व्यक्तिले गाउँलेमाथि भएको चरम शोषणका विरुद्ध एक शब्द ओकल्न नसक्ने लेखकका भूमिकाले शिक्षित वर्ग उदासीन, आशाहीन र पलायोन्मुख रहेको निर्क्योल निस्किन्छ ।

**निष्कर्ष**

सामाजिक रूपान्तरणको अभीष्ट राखेर न्याय, समता, समानता एवम् मुक्तिको बुलन्द आवाजका साथ कथाकार इस्मालीद्वारा रचना गरिएको *गाउँको माया* कथा समसामयिक नेपाली ग्रामीण जीवनको जीवन्त प्रतिबिम्ब हो । मार्क्सवादी सौन्दर्यशास्त्रका पृष्ठभूमिमा रचना गरिएको प्रस्तुत कथाले सर्वाहारावर्गको वर्गीय सङ्घर्ष र विद्रोहविना समाजमा न्यायिक व्यवस्थामा परिवर्तन आउन नसक्ने विचार प्रकट गरेको छ साथै समता र समतामूलक कानुन निर्माणमा समेत सचेत र चनाखो हुनुपर्ने आवश्यकता रहेको छ । समाजव्यवस्थाको परिवर्तित यात्रामा कैयौँ उतारचढावहरू आए पनि शोसकले शोषितलाई दोस्रा दर्जामा नै राखेर व्यवहार गर्दै आएकाले विद्रोहको आवश्यकता रहेको देखिएको छ । शासित मानसिकतालाई त्याग गरी प्रगतिशील र क्रान्तिकारी मार्ग समाउनु जरुरी रहेको छ । गाउँलेहरू सङ्गठित भएर हडताल गर्नु वर्गसङ्घर्ष र विद्रोहको उत्कर्ष हो । समाजमा त्यस्ता पात्रहरू पनि छन्, जो महान् लक्ष्यलाई बिचमा नै तुहाउन अवसरवादी बाटो रोज्दछन्; तिनीहरूलाई पनि बहिष्कार गरेर गाउँलेहरू सामूहिक जागरणका साथ समाज रूपान्तरणमा लाग्नुले बदलिँदो विद्रोही मानसिकताको निर्माण भएको स्पष्टतः देख्न सकिन्छ । सामाजिक न्याय र समान अस्तित्वका लागि नवीन अवधारणाका साथ बौद्धिक वर्गको नेतृत्वदायी भूमिका र क्रियाशीलता अपेक्षित ठानिएको छ । विद्वत्-वर्गले आफ्नो ज्ञान र विवेकका माध्यमबाट श्रमजीवीको श्रमका मूल्यको सुनिश्चिततामा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । सामाजिक विद्रोहबाट समाजव्यवस्थाको परिवर्तन सम्भव छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

## सन्दर्भसामग्री


इस्माली (२०७७), गाउँको माया ,*नेपाली कक्षा ११*, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

उपाध्याय, यदुनन्दन (सन्२०१५), प्रगतिवादी साहित्यमा विचारधाराको पक्ष, *समकालीन साहित्य*, https://www.samakalinsahitya.com/sahitya/details/5303

कोइराला, लक्ष्मीविलास (२०७८ भदौ ११), सामाजिक न्याय: एक विवेचना, *राजधानी,* https://rajdhanidaily.com/id/45483/

चापागाईँ, निनु (२०६९), सौन्दर्यशास्त्र : प्रगतिवादी साहित्य र यसको विशेषता, *साहित्य सङ्ग्रहालय,* https://sahityasangraha.com/2013/11/20/प्रगतिवादी-साहित्य-र-यसक/

जोशी, कुमारबहादुर (२०५४), *पाश्चात्य साहित्यका प्रमुख वाद* (ते.सं.), साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०७२, असोज ५), *प्रगतिवादी साहित्य लेखनका २० चुनौती* (कार्यपत्र), प्रगतिशील लेखक सङ्घ, नेपाल, https://pwanepal.blogspot.com/2017/05/blog-post_7.html

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा भाग* २, साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (१९९९), छोटो किस्सा, *शारदा*, ए १ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*, साझा प्रकाशन ।

लम्साल, रामहरि, (सन्२०२२), साहित्यमा सामाजिकता विश्लेषणको अवधारणात्मक ढाँचा, *Interdisciplinary Journal of Management and Social Sciences*, *3*(1), 269–286. https://doi.org/10.3126/ijmss.v3i1.50256

सुवेदी, राजेन्द्र (सम्पा.) (२०५७), *स्नातकोत्तर नेपाली कथा*, साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०५७), *नेपाली कथा भाग ४*, साझा प्रकाशन ।